# बेनी नगरपालिकाको विनियोजन ऐन, २०७७

## बेनी नगरपालिकाको आर्थिक बर्ष २०७७/०७८को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषवाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्वन्धमा व्यवस्था गर्न वनेको ऐन

**प्रस्तावनाः** बेनी नगरपालिकाको आर्थिक वर्ष २०७७/०७८ को सेवा र कार्यहरुको लागि सञ्चित कोषवाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वान्छनीय भएकाले नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम बेनी नगरपालिकाको नगरसभावाट पारित भै यो ऐन लागू गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "बेनी नगरपालिकाको विनियोजन ऐन, २०७७" रहेको छ ।

(२) यो ऐन २०७७ साल श्रावण १ गते देखि प्रारम्भ हुनेछ ।

**२. आर्थिक वर्ष २०७७/०७८ को निमित्त सञ्चित कोषवाट रकम खर्च गर्ने अधिकारः**

(१) आर्थिक वर्ष २०७७/०७८ को निमित्त नगरपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लेखित चालु खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ६२,३२,५८,२६४।- ( अक्षेरुपी बैसठ्ठी करोड बत्तिस लाख अन्ठाउन्न हजार दुइसय चउसठ्ठी रुपैयाँ मात्र ) मा नवढाई निर्दिष्ट गरिए वमोजिम सञ्चित कोषवाट खर्च गर्न सकिनेछ ।

**३. विनियोजनः**

(१) यस ऐनद्वारा सञ्चित कोषवाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७७/०७८ को निमित्त नगरपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि नगरपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा वचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगरपालिकाले वचत हुने शीर्षकवाट अपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकवाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नवढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुवाट अर्को एक वा एक भन्दा बढी शीर्षकमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तिय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा वाहेक अन्य चालु खर्च शीर्षक तर्फ सार्न र वित्तिय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा वाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तिय व्यवस्थाको खर्च व्यहोर्न एक श्रोतवाट अर्को श्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकवाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा वढी शीर्षकमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

| आर्थिक बर्ष २०७७/७८ को लागि प्रस्तावित बार्षिक बजेट | | | | | |
|---|---|---|---|---|---|
| सि.नं. | आम्दानी शीर्षक | रकम | सि.नं. | खर्च शीर्षक | रकम रु |
| १ | आन्तरिक आय | ४०,३२५,०००।०० | **१** | **आन्तरिक आय तर्फको** | **४०,३२५,०००।००** |
| | | | १.१ | चालु खर्च | २७,१००,०००।०० |
| | | | १.२ | पुंजीगत खर्च | १३,२२५,०००।०० |
| २ | वित्तिय समानीकरण अनुदान संघिय सरकार | १२०,४००,०००।०० | **२** | **वित्तिय समानीकरण अनुदान संघिय सरकार** | **१२०,४००,०००।००** |
| | | | २.१ | पुंजीगत खर्च | १२०,४००,०००।०० |
| ३ | राजश्व बांडफाड संघिय सरकार | ८०,३१९,२६४।०० | **३** | **राजश्व बांडफाड संघिय सरकार** | **८०,३१९,२६४।००** |
| | | | ३.१ | चालु खर्च | ५४,६००,०००।०० |
| | | | ३.२ | पुंजीगत खर्च | २५,७१९,२६४।०० |
| ४ | वित्तिय समानिकरण अनुदान प्रदेश सरकार | ११,९९५,०००।०० | **४** | **वित्तिय समानिकरण अनुदान प्रदेश सरकार** | **११,९९५,०००।००** |
| | | | ४.१ | पुंजीगत खर्च | ११,९९५,०००।०० |
| ५ | राजश्व बाँडफाँड प्रदेश सरकार | ९,६०४,०००।०० | **५** | **राजश्व बाँडफाँड प्रदेश सरकार** | **९,६०४,०००।००** |
| | | | ५.१ | चालु खर्च | ३,२००,०००।०० |
| | | | ५.२ | पुंजिगत खर्च | ६,४०४,०००।०० |
| ६ | गत वर्षको अल्या | ४५,२१५,०००।०० | **६** | **पुँजिगत खर्च जम्मा** | **४५,२१५,०००।००** |
| | | | ६.१ | कोरोना नियन्त्रण तथा रोकथाम कोष | १५,०००,०००।०० |
| | | | ६.२ | आकस्मिक सडक मर्मत सम्भार | ५,०००,०००।०० |
| | | | ६.३ | बेनी पात्लेखेत सडक निरन्तरता | ७,६२०,०००।०० |
| | | | ६.४ | नगरपालिकाको कार्यालय भवन निर्माण निरन्तरता | ४,२३५,०००।०० |
| | | | ६.५ | वडा नं. ६ को कार्यालय भवन निर्माण निरन्तरता | ४,८६०,०००।०० |
| ७ | शसर्त अनुदान प्रदेश सरकार | १०,०००,०००।०० | **७** | **शसर्त अनुदान प्रदेश सरकार** | **१०,०००,०००।००** |
| | | | ७.१ | पुंजिगत खर्च | १०,०००,०००।०० |
| ८ | शसर्त अनुदान संघिय सरकार | २८१,२००,०००।०० | **८** | **शसर्त अनुदान संघिय सरकार** | **२८१,२००,०००।००** |
| | | | ८.१ | चालु खर्च | २८१,२००,०००।०० |
| ९ | विशेष अनुदान पुँजिगत संघिय सरकार | १३,०००,०००।०० | **९** | **विशेष अनुदान पुँजिगत संघिय सरकार** | **१३,०००,०००।००** |
| | | | ९.१ | पुंजीगत खर्च | १३,०००,०००।०० |
| १० | समपुरक अनुदान | ११,२००,०००।०० | **१०** | **समपुरक अनुदान पुँजिगत संघिय सरकार** | **११,२००,०००।००** |
| | | | १०.१ | पुंजीगत खर्च | ११,२००,०००।०० |
| | **जम्मा** | **६२३,२५८,२६४।००** | | | **६२३,२५८,२६४।००** |